# इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या ९ मिति २०७९।०९।२४

## भाग-२

इच्छाकामना गाउँपालिका

इच्छाकामना गाँउपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९

## इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

# इच्छाकामना गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०७९

इच्छाकामना गाउँपालिका भित्रको भु-सतह वा भुमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोक थाम गर्ने एवं जलस्रोतलाई प्रदुषणमुक्त राखी समुचित प्रयोग गर्न वान्छनिय भएकोले इच्छाकामना गाउँपालिकाले यो कार्यविधि जारी गरिएको छ ।

__१.संक्षिप्त नाम र प्रारम्भः__ (१) यस कार्यविधिको नाम इच्छाकामना गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) जलस्रोत भन्नाले गाउँपालिका भित्र भु- सतह वा भुमिगत र अन्य जुनसुकै अवस्था रहेको पानी सम्झनु पर्दछ।

(ख) लाभदायक उपयोग भन्नाले उपलब्ध साधन र स्रोतले भ्यायसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्ति भन्नाले जलस्रोतको उपयोग गर्ने दफा ८ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संङ्गठित संस्था सम्झनु पर्दछ ।

(घ) उपभोक्ता संस्था भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संथा सम्झनु पर्दछ ।

(ङ) गाउँपालिका जलस्रोत समिति भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(च) अनुमिति पत्र भन्नाले दफा १५ बमोजिम दिईने अनुमति पत्र सम्झनु पर्दछ ।

(छ) सर्वेक्षण भन्नाले जलस्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन प्रारम्भिक वातावरणीय परिक्षण वातावरणीय प्रभाव मुल्याङकन डिजाइन र त्यसका लागि गरिने अनवेषण सम्बन्धि कार्य सम्झनु पर्दछ ।

(ज) उपभोक्ता भन्नाले सम्वन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(झ) सेवा शुल्क भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोत संग सम्बन्धित सेवा उपभोग गरेवापत उपभोक्ताले बुझाउने शुल्क सम्झनु पर्दछ ।

(ञ) गाउँपालिका भन्नाले इच्छाकामना गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ट) प्रमुख भन्नाले इच्छाकामना गाउँपालिका प्रमुखलाई सम्झनु पर्दछ ।

(ठ) प्रमुख प्रसाशकीय अधिकृत भन्नाले इच्छाकामना गाउँपालिकाका प्रमुख प्रसाशकीय अधिकृतलाई सम्झनु पर्दछ।

__३.जलस्रोत स्वामित्वः__ इच्छाकामना गाउँपालिका भित्र रहेको जलस्रोतको स्वमित्व गाँउपालिकामा निहीत रहनेछ ।

**४.जलस्रोतको उपयोगः** (१) यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोत उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोत उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(क) व्यक्तिगत वा सामुहिकरुपमा आफ्नो निमित्त खानेपानी र अन्यघरेनु प्रयोगका लागि उपयोग गर्न ।

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गको सिचाई गर्न ।

(ग) घरेलु उधोगको रुपमा पानीघट्ट वा पनचक्की चलाउन ।

(घ) व्याक्तिगत रुपमा स्थानिय आवागमनको लागि डुङगाको प्रयोग गर्न ।

(ङ) जग्गा धनिले आफ्नो जग्गा भित्र मात्र सिमित रहेको जलस्रोत नियमानुसार उपयोग गर्न ।

(३) जलस्रोत उपयोग गर्ने व्यक्ति वा संङ्गठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ।

**५.जल उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभका लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तिमा सात जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठग गरी दर्ता गराउन चाहनेले सम्वन्धित उपभोक्ताहरु मध्यवाट कम्तीमा सात जना उपोक्ताहरुले अनुसुचि १ बमोजिम ढाँचामा उपभोक्ताको एक प्रति विधान र एक हजार पाँच सय रुपैंया दस्तुर सहित पालिका जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

**६.विधानमा खुलाउनुपर्ने विवरणहरुः** दफा ५ बमोजिम पेशगर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्वन्धि देहयाका विवरणहरु खुलाउनु पर्नेछ ।

(क) पुरा नाम र ठेगाना

(ख) उदेश्य तथा कार्य क्षेत्र

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क

(घ) सदस्यको निस्काशन र राजिनामा

(ङ) हकदावी नामसारी वा हकवालाको मनोनयन

(च) साधारण सभा सम्बन्धि

(छ) संचालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य र अधिकार)

(ज) संचालक पदमा वहाल रहन सक्ने अवस्था

(झ) संचालक समितिको बैठक सम्बन्धि कार्यविधि

(ञ) कोष र लेखा परिक्षण

(ट) विधान संसोधन

(ठ) विघटन

(ड) विविध

**७.दर्ता र प्रमाण पत्रः** (१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसुची २ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाँउपालिका जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सुचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगाबै प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछन् ।

**८.विधान संसोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संसोधन गर्नु परेमा विधानको प्रक्रिया पुरा गरी तयार गरिएको विधानको संसोधित मस्यौदा पालिका जलस्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्वन्धमा आवश्यक जाँचबुझ गरी विधान संसोधन गर्न विधान स्वीकृत दिन सक्नेछ ।

**९.गाँउपालिका जलस्रोत समितिको गठनः** (१) पालिका भित्र रहेको जलस्रोतको उपयोगको लागि अनुमति पत्र प्रदान गर्ने प्रयोजनका लागि पालिका जलस्रोत समिति रहनेछ ।

(२) गाउँपालिकामा जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन ।

(क) गाउँपालिकाका प्रमुख - अध्यक्ष

(ख) जलस्रोत दर्ता गर्ने वडाको अध्यक्ष - सदस्य

(ग) गा.पा. पुर्वाधार विकास शाखा प्रमुख - सदस्य

(घ) गा.पा. वन तथा वातावरण शाखा प्रमुख - सदस्य

(ङ) जिल्ला वन स्थित वन डिभिजन कार्यालयको प्रमुख वा प्रमुखले अधिकृत कर्मचारी - सदस्य

(च) जिल्ला स्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्रमुख वा प्रमुखले तोकेको अधिकृत कर्मचारी - सदस्य

(छ) गाउँपालिकाले तोकेको गाउँपालिकाको सदस्य - सदस्य

(ज) प्रमुख वा प्रसाशकीय अधिकृत - सदस्य सचिव

**१०.जलस्रोत समितिको बैठक र कार्यवधिः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा सदस्यहरुबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(३) बैठक सचालनको कार्यवधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११.जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको दर्खास्द दिनेः** (१) जलस्रोत उपयोग सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसुचि ३ बमोजिमको ढाँचामा विस्तृत विवरण खुलाई गा.पा. जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवेदन उपर जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ यसरी अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले तीस दिन भित्र प्रतिवेदन गा.पा. जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

१२.जलस्रोत उपयोग अनुमतिपत्रको लागि दर्खास्द दिनेः (१) जलस्रोत उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसुची ४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासंग सम्बन्धित देहाय विवरण खुलाई गाउँपालिकाको जलस्रोत समिति समक्ष दरखास्त फारम दिनुपर्नेछ ।

क. परियोजना विस्तृत विवरण (परियोजना स्थलको नक्सा ,उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय लागत परियोजनाको सहभागिहरुको नाम र तिनिहरुको संलग्नताको किसिम परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका संचालकहरुको नाम थर र वतन समेत) स्पष्ट रुपमा खुलाउन पर्छ ।

ख. सम्भाव्यताको विष्लेषण (परियोजनाको विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विष्लेपण र उपभोक्ताहरुको विवरण )

ग. वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था परियोजनाको लगानि आर्थिक हैसियत परियोजनामा प्रत्यक्ष रुपले सहभागि हुने वित्तिय संस्थाहरुको प्रतिबद्धता र लगानिकर्ताको दायित्व तथा शेयर पुंजि र ऋणको प्रतिशत)।

घ. घर जग्गाको उपयोग वा प्राप्तीः (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तरवरवाट उपयोग वा प्राप्तिको लागी चाहने सरकारी वा गैरसरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लागत )

वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनिय प्रतिकुल प्रभावलाई न्युनतम गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवं जलवातावरण संरक्षणको लागत अपनाउने उपायहरु परियोजनाको सम्वन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विध्धमान स्थानिय श्रम तथा स्रोत र साधनको उपयोग परियोजना सम्बन्धि कार्य पुरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ निर्माण तथा संचालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिईने तालिम निर्माण शिविरका लागि आवश्यक पर्ने सुविधाहरु सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजनाबाट सम्बन्धित जग्गाधनीलाई पर्न सक्ने असर विस्थापित जनसंख्याको लागत र तिनिहरुको लागि अपनाउने आवस्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ )।

**१३. दरखास्त उपर जाँचबुझः** (१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गा.पा. जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्छ ।

(२) उपदफा १ बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दर्खास्त साथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश नगरेको खण्डमा त्यस्तो कागजात विवरण वा प्रतिवेदन पेश गर्न गा.पा. जलस्रोत समितिले सम्बन्धित

दरखास्तलाई मुनासिव माफिको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिन भित्र सो कुराको सुचना दिनु पर्नेछ ।

(३) दफा २ बमोजम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गा.पा. जलस्रोत समितिले म्याद तोकी सुचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोहि मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

**१४.सार्वजनिक सुचना प्रकाशित गर्नु पर्नेः** (१) दफा १२ बमोजिम जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गा.पा. जलस्रोत समितिले दफा १३ बमोजिम आवश्यक जाँचवुझ गरी तत् सम्बन्धि विवरणहरु खुलाई सार्वजनिक सुनुवाईको लागि सुचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सुचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसंग सम्वन्धित परियोजनाको निर्माण तथा संचालन गर्दा कुनै उल्लेखनिय प्रतिकुल असर पर्ने भएमा तत् सम्वन्धि विवरणहरु खुलाई सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र गा. पा. जलस्रोत समिति समक्ष जो सुकैले पनि मनतव्य दिन सक्नेछ ।

(३) दफा २ बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गा.पा.जलस्रोत समितिले त्यस्तो उल्लेखनिय प्रतिकुल असर न्युनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नु पर्ने कुराहरु अनुमितपत्र दिंदा तोकि दिनेछ।

**१५.अनुमतिपत्र दिनेः** दफा १२ बमोजिम दर्खास्त उपर दफा १३ र १४ बमोजिम कार्यविधि पुरा गरी गा.पा. जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संसोधन समेत गरी अनसुचि ५ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोग सम्बन्धि अनुमतिपत्र दिनु पर्नेछ ।

**१६.जलस्रोत सम्बन्धि अधिकार कायम हुनेः** यस कार्यविधि बमोजिम जलस्रोत उपयोग सम्बन्धि कार्य संचालन गर्न अनुमति प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोहि अनुमति पत्र तोकिएको स्थान र कार्यक्षेत्रसम्मको जलस्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**१७.नयाँ अनुमतिपत्र लिनुपर्नेः (१)** कार्यविधि प्रारम्भ हुनु अगावै देखी जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठन संस्थाको पनि दफा १२ मा उल्लेख विवरण खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र गा. पा. जलस्रोत उपयोग अनुमति पत्रको लागत दरखास्त दिनेछ ।

(२) उपदफा १ बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गा. पा. जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तलाई अनुसुचि ६ बमोजिमको ढाँचामा अनुमिति पत्र दिनेछ ।

**१८.अनुमति पत्र दस्तुरः** यो कार्यविधि बमोजिमको जलस्रोत उपयोग सम्बन्धि कार्य संचालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसुचि ८ मा तोकिए बमजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

**१९.अनुमति पत्र नविकरणः** (१) यो कार्यविधि बमोजिम जलस्रोत सर्वेक्षण वा उपयोगको लागि अनुमति पत्रमा उल्लेखित अवधि समाप्त हन अगावै अर्को अवधिको लागि अनुमतिपत्र नविकरण गर्नुपर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नविकरण गराउँदा अनुसुचि ७ मा तोकिएको दस्तुरको पचास प्रतिशत नविकरण दस्तुर लाग्नेछ ।

<u>२०.अनुमतिपत्र विक्रि वा हस्तान्तरण गर्न स्वीकृत लिनुपर्ने:</u> (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गा.पा. जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त भएको निवेदन उपर गा.पा. जलस्रोत समितिले आवस्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा रहेको अनुमति पत्र अन्य व्यात्ति वा संगठित संस्थाको नाममा विक्रि गर्न कुनै प्रकारको हस्तान्तरण गर्न स्वीकृत दिन सक्नेछ ।

<u>२१.बार्षिक शुल्क:</u> अनुमति प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरी अन्य व्यक्तिलाई व्यपारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत गा. पा. लाई बुझाउनु पर्ने बार्षिक शुल्क अनुसुचि ८ मा तोकिए बमोजिम हुनेछ ।

<u>२२.गाउँपालिकाले निर्देशन दिन सक्ने:</u> गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धमा नगर जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ त्यस्तो निर्देशनको पालना गर्नु गा.पा. जलस्रोत समितिको कर्तव्य हुनेछ ।

<u>२३.अनुसुचिमा हेरफेर वा थपघट गर्न सक्ने:</u> गाउँपालिकाले स्थायी राजपत्रमा सुचना प्रकाशित गरी यस कार्यविधिको अनुसुचिमा आवश्यक्ता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसुची -१

(दफा ५ को उपदफा (२) बमोजिम)

निवेदनको ढाँचा

श्री अध्यक्ष ज्यु

इच्छाकामना गाउँपालिका जलस्रोत समिति

किरिनटार चिववन ।

महोदय

हामिले ............................................................ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुंदा प्रचलित नियमानुसार उपभोक्ता संस्था दर्ता गराउन देहाएको विवरण खुलाई प्रस्तावित उपभोक्ताको संस्थाको एक प्रति विधान रु.१५००। रुपैंया दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण

१ उपभोक्ता संस्थाको नामः

२ कार्य क्षेत्रः

३ उद्देस्यहरुः

(क)

(ख)

४.

| क्र.स. | सदस्यको नाम | ठेगाना | सम्पर्क नं. | पेशा | कैफयत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

५ उपयोग गरिने जलस्रोतको विवरण :

क जलस्रोतको नाम र रहेको ठाँउ :

ख जलस्रोतबाट गरिने प्रयोग :

ग उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :

घ उक्त जलस्रोतको हाल भइरहेको उपयोग :

६ उपभोक्ताले पुर्याउन चाहेको सो सम्बन्धि विवरण :

क सेवाको किसिम :

ख सेवा पुर्याउने क्षेत्र :

ग सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
घ भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :
७ आर्थिक स्रोतको विवरण :
८ कार्यालयको ठेगाना :

निवेदक
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सही :
नाम :
पद :
ठेगाना :

अनुसुचि - २

(दफा ७ को उपदफा १ बमोजिम)

इच्छाकामना गाउँपालिका जलस्रोत समिति

कुरिनटार चितवन

दर्ता मितिः

दर्ता नः

श्री ........................................

..............................................

..............................................

<u>उपभोक्ता संस्था दर्ता प्रमाण पत्र</u>

................................................ लाई इच्छाकामना गाउँपालिकाको बैठक संख्या ........... मिति............................ को निर्णय नं..................... यस कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिम यस कार्यालयमा दर्ता गरी यस दर्ता प्रमाण पत्र प्रदान गरिएको छ । गाउँपालिकाको निर्देशन तथा कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्नुहोला । संस्थाको कार्यक्षेत्र गाउँपालिकाको वडा नं ...........मा रहनेछ ।

..............................

नाम थर :

पद :

अनुसुचि - ३

<u>जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त</u>

मिति .........................

श्री अध्यक्ष ज्यु

इच्छाकामना गाउँपालिका जलस्रोत समिति

कुरिनटार चितवन ।

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमति पाउन जलस्रोत दफा .......... बमोजम देहाय विवरण खुलाई यो दर्खास्त पेश गरेको छु ।

१ व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:

२ उद्देस्य :

३ सर्वेक्षण गर्ने क्षेत्र :

४ सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु ......................(पुष्टयई विवरण संलग्न गर्नुपर्नेछ)

५ सर्वेक्षण गर्ने अवधि :

६ अन्य विवरणहरु (जलस्रोत नियमावली २०५० को नियम १२ बमोजिम)

माथि उल्लेखित व्यहोरा ठिक साँचो हो झुठ्ठा ठहरे कानुन वमोजिम संहुंला बुझाउला ।

नाम थर :

सही :

पद :

अनुसुची -४

<u>जलस्रोतको उपयोगको सर्वेक्षण अनुमति पत्र</u>

इच्छाकामना गाउँपालिका

गाउँपालिकका जलस्रोत समिति

कुरिनटार चितवन ।

अनुमतिपत्र संख्याः

मिति .......................

श्री ..........................................

..........................................

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायका विवरण खोलि यस कार्यविधि बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१ व्यक्ति वा संगठित संसथाको पुरा नाम र ठेगानाः

२ जलस्रोत सर्वेक्षणको उद्देस्य :

३ जलस्रोत सर्वेक्षणको क्षेत्र :

४ सर्वेक्षण गर्ने अवधि :

५ अनुमति वहाल रहने अवधि :

अनुमतिपत्र दिने अधिकारीको

सही :

अनुसुची -५

(दफा १२ बमजिम )

## जलसस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त

मिति :

श्री अध्यक्ष ज्यु

इच्छामना गाउँपालिका जलस्रोत समिति

कुरिनटार ।

जलस्रोतको उपयोगको निमित्त अनुमतिपत्र पाउन मुहान दर्ता तथा जलस्रोत कार्यविधि २०७९ को दफा १२ बमोजिम देहाय विवरणहरु खुलाई यो दरखास्त पेश गरेको छु

१ व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२ उद्देस्यः

३ उपयोग गर्न खोजेको जलस्रोतको र उपयोग परिमाण गर्ने प्रयोजन :

४ प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाँउ :

५ जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाँउको क्षेत्रफल :

६ प्रस्तावित उपयोगबाट हुन सक्ने प्रस्तावित लाभ :

७ प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

८ जलस्रोत उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोत :

९ जलस्रोत उपयोग गर्ने तरिका :

१० जलस्रोतको हाल भैरहेको भविष्यमा हुन सक्ने उपयोग :

११ अन्य विवरणहरु :

**माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानुन बमोजिम सहंला बुझाउला**

संस्थाको छापः

सम्बन्धित व्यक्ति वा संगठित तर्फबाट दरखास्त दिने व्यक्तिको

नाम :

सही :

अनुसुची -६

जलस्रोतको उपयोगको अनुमति पत्र

इच्छाकामना गाउँपालिका

जलस्रोत समिति

कुरिनटार, चितवन

अनुमतिपत्र संख्या:

श्री ..........................................

..........................................

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली यस मुहान दर्ता तथा जलस्रोत कार्यविधि २०७९ बमोजिम यो अनुमतिपत्र प्रदान गरीएको छ ।

१ व्यक्ति वा संगठित सस्थाको नाम र ठेगाना:

२ जलस्रोत उपयोगको उद्देस्य:

३ जलस्रोतको नाम किसिम र रहेको स्थान:

४ उपयोग गर्न पाउने जलस्रोतको परिमाण:

५ जलस्रोतको उपयोग क्षेत्र:

६ जलस्रोत उपयोग गर्ने तरिका

७ प्रस्तावित यरियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या:

८ अनुमतिपत्र बहाल रहने अवधि:

अनुमतिपत्र दिने अधिकारीको

नाम:

सही:

अनुसुची -७

जलस्रोतको उपयोगको अनुमतिपत्र

इच्छाकामना गाउँपालिका

जलस्रोत समिति

कुरिनटार, चितवन

अनुमतिपत्र संख्या                                                                                    मितिः.............................

श्री ...........................................

...........................................

तपाईले अनुमति पत्र पाउन मिति ...............................मा दिनुभएको दरखास्त बमोजिम देहायको विवरण खुलाई मुहान दर्ता तथा जलस्रोत कार्यविधि २०७९को दफा ................ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१ जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२ जलस्रोत उपयोगसंग सम्बन्धित परियोजनाको किसिमः

३ जलस्रोतको नाम र रहेको स्थानः

४ जलस्रोत उपयोग भएको परिमाणः

५ जलस्रोत उपयोगबाट उपलब्ध गराईएको सेवा र त्यसको विस्तार क्षेत्रः

६ उपभोक्ता संख्या र त्यसको किसिमः

७ सेवा उपलब्ध गराउन शुरु गरेको मितिः

८ अनुमतिपत्र वहाल रहने अवधिः

९ अन्य सर्तहरुः

अनुमति दिने अधिकारीको

नामः

सहीः

## अनुसुचि -८

## अनुमतिपत्र दस्तुर

| जलस्रोत उपयोगको किसिम | |
|---|---|
| (क) खानेपानी र सरसफाई घरेलु उपयोग | रु १०००। |
| (ख) सिंचाई | रु २०००। |
| (ग) पशुपालन, मत्स्यपालन तथा घरेलु उद्योग जस्ता कृषिजन्य उपयोग | रु १५००। |
| (घ) औधोगिक व्यवसाय तथा खानिजन्य उपयोग | रु ५०००। |
| (ङ) जल यातायात (र्‍याफ्टिङ) | रु १५०००। |
| (च) आमोद प्रमोदजन्य उपयोग | रु ५०००। |
| (छ) अन्य उपयोग | रु ५०००। |

# अनुसुची -९

## जलस्रोत उपयोग वापत बुझाउनुपर्ने वार्षिक शुल्क

**१.सिंचाईको हकमा**

(क) दुईहजार हेक्टरसम्मको जमिन सिंचाई गर्न प्रति हेक्टर रु एकका दरले अधिकतम रु.१०००।

(ख) दुईहजार देखी पाँचहजार  हेक्टर सम्मको जमिन सिंचाई गर्न रु.२०००।

(ग) पाँचहजार देखी दश हजार हेक्टर सम्मको  जमिन सिंचाई गर्न रु.५०००।

(घ) दशहजार देखी पन्द्र हजार  हेक्टर सम्मको जमिन सिंचाई गर्न रु.१००००।

(ङ) पन्द्र देखी बिसहजार हेक्टर सम्मको जमिन सिचई गर्न रु.१५०००।

(च) बीसहजार देखी पच्चिस हेक्टर हजार सम्मको जमिन सिंचाई गर्न रु.२००००।

(छ) पच्चिस हजार भन्दा बढी जमिन सिंचाई गर्न रु.२५०००।

**२. खानेपानीको हकमा**

(क) दुई हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१५००।

(ख) दुई हजार देखी पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.२०००।

(ग) पाँचहजार देखी दश हजारसम्मको जनसंख्यालाई खानेपानी वयवस्था गर्न रु.५०००।

(घ) दक्ष हजारदेखि पन्द्रहजार सम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.१०००००।

(ङ) पन्द्रहजार देखि बीस हजार सम्मको जनसंख्यलाई खानेपानीको व्यवस्था गर्न रु रु.२००००।

(च) बीसहजारदेखि पच्चिसहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२००००।

(छ) पच्चिस हजारभन्दा बढी जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु.२५०००।

३. कृषिजन्य उपभोगको लागि रु.२०००/ देखी रु.२०००० सम्म पानी प्रयोग पिरिमाणको आधारमा ।

४. घरेलु उपभोगको लागि रु २०००।/ देखी रु २००००सम्म पानी प्रयोगको परिमाण ।

५. औद्योगिक व्यवसाय तथा खानिजन्य उपयोगको लागि रु.५००० देखी रु.५००००। सम्म पानी प्रयोगको आधारमा ।

६. आमोद प्रमोदजन्य प्रयोगका लागि रु.१०००।देखि रु.१००००।सम्म बार्षिक कारोवारको आधारमा ।

७. अन्य प्रयोजनको लागि रु.५०००। देखि रु.१००००। सम्म बार्षिक कारवारको आधारमा